# गौडैता नगरपालिका

## "नगर प्रमुख संग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन निर्देशिका, २०७९"

## गौडैता नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

गौडैता, सर्लाही

मधेश प्रदेश, नेपाल

Scanned with CamScanner

# गोडैता नगरपालिका

## "नगर प्रमुख संग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन निर्देशिका, २०७९"

प्रस्तावना : नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को स्वीकृत नीती तथा कार्यक्रम बमोजिम मुख्य मन्त्रि घरदैलो स्वास्थ्य सेवा कार्यक्रम् अन्तर्गत नगर प्रमुख संग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन गर्न ६८ बर्ष उमेर पुरा भएका नगर क्षेत्रभित्र स्थायी रुपले बसोबास गर्ने ज्येष्ठ नागरिकहरुलाई घरघरमा गई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम संचालनलाई व्यवस्थित गर्न यो निर्देशिका बनाईएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यो निर्देशिकाको नाम नगर प्रमुख संग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन निर्देशिका, २०७९ रहेको छ ।

(२) यो निर्देशिका राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा : बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :**

(क) "प्रमुख" भन्नाले गोडैता नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले गोडैता नगरपालिको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "ज्येष्ठ नागरिक" भन्नाले नगरपालिका भित्र स्थायी रुपले बसोबास गर्ने ६८ बर्ष माथिका ज्येष्ठ नागरिकलाई सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले गोडैता नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गोडैता नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "स्वास्थ्यकर्मी" भन्नाले नरपालिका अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अधिकृत, नर्सिङ्ग, पारामेडिक्स कर्मचारी सम्झनु पर्छ र सो शब्दले महिला सामुदायिक स्वास्थ्य स्वंमसेविका लाई समेत जनाउछ ।

(छ) "स्वास्थ्य शाखा प्रमुख" भन्नाले गोडैता नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखको रुपमा तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधार भुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य सेवा ईकाइ लाई सम्झनु पर्दछ ।

३. **नगर प्रमुखसंग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन :-**

नगर प्रमुखसंग ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्य सेवा संचालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(१) नगरपालिका भित्र स्थायी रुपले बसोबास गर्ने ६८ बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुको घरघर मै गई स्वास्थ्य जाँच गरी औषधी समेत वितरण गर्नु पर्दछ ।

(२) ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच गर्दा रक्तचाप, मधुमेह, अक्सिजनको मात्रा, नाडीको गति, तापक्रम जस्ता समान्य स्वास्थ्य जाँच गरी स्वास्थ्य अवस्थाको अभिलेख अनुसुची-१ को ढाँचामा राख्नु पर्नेछ ।

(३) ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिएको अभिलेख प्रत्येक महिना अनुसुचि-३ को ढाँचामा स्वास्थ्य शाखामा पठाउनु पर्नेछ ।

(४) ज्येष्ठ नागरिकलाई स्वास्थ्य जाँच गर्दा अनुसुचि-२ बमोजिमको पूर्जा दिनु पर्नेछ ।

(५) ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्दा आवश्यकता अनुसार मेडिकल अधिकृत संग समन्वय र सहयोग लिइनेछ । स्वास्थ्यकर्मीले सेवा प्रदान गर्दा आवश्यक सहयोग मागेमा सहयोग गर्नु मेडिकल अधिकृतको कर्तव्य हुनेछ । जटिल प्रकृतिको रोग लागि प्रेषण गर्न आवश्यक ठानिएको ज्येष्ठ नागरिकलाई मेडिकल अधिकृतको परामर्शमा अनुसुचि ४ बमोजिमको ढाँचामा फाराम भरी प्रेषण गरिनेछ ।

(६) ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसार कार्यालय समयका अतिरिक्त अन्य समयमा खटाउन सकिनेछ ।



Scanned with CamScanner

३. **औषधी वितरण सम्बन्धी व्यवस्था :**

(१) ज्येष्ठ नागरिक स्वास्थ्य सेवा संचालन गर्ने कममा बिरामीको आवश्यकता अनुसार स्वास्थ्यकर्मीले Paracetamol, ORS, Anatcid, Vitamin B complex जस्ता समान्य औषधीहरु प्रदान गर्न सकिनेछ । दीर्घ रोगका बिरामीले सेवन गरिरहेको औषधीहरु स्वास्थ्य संस्थामा उपलब्ध रहेमा सो समेत उपलब्ध गराउन सकिनेछ ।

(२) आर्थिक रुपले विपन्न ज्येष्ठ नागरिकले आर्थिक अभावमा आवश्यक औषधी सेवन गर्न नसक्ने अवस्था रहेको पाईएमा स्वास्थ्यकर्मीहरुको प्रतिवेदनको आधारमा सम्बन्धित मेडिकल अधिकृतले नगर प्रमुख समक्ष सिफारिस गरि पठाउनुपर्ने छ ।

(३) उपदफा २ बमोजिमको सिफारिस को आधारमा नगरप्रमुखको स्वीकृतीमा त्यसमा ज्येष्ठ नागरिकलाई औषधीको व्यवस्था गरी उपलब्ध गराईनेछ ।

(४) उपदफा ३ बमोजिम उपलब्ध गराईएको औषधी र बिरामीको विवरण स्वास्थ्य शाखाले अध्यावधिक गरी राख्नुपर्नेछ ।

४. **स्वास्थ्यकर्मीको परिचालन :-**

(१) ज्येष्ठ नागरिक स्वास्थ्य सेवा संचालनको लागी प्रत्येक स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मीलाई आलो पालो मिलाई प्रत्येक महिना आफ्नो सेवा क्षेत्रमा रहेका लक्षित ज्येष्ठ नागरिकलाई सेवा प्रदान गर्न खटाइनेछ ।

(२) स्वास्थ्यकर्मी परिचालन गर्दा गाउँघर क्लिनिक र खोप क्लिनिक मा खटिएका स्वास्थ्यकर्मीलाई प्राथमिकता दिई परिचालन गर्नुपर्नेछ ।

(३) स्वास्थ्यकर्मीहरुले पुर्ण सेवा भावले ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ ।

(४) ज्येष्ठ नागरिकलाई सेवा प्रदान गर्दा स्वास्थ्यकर्मीहरुलाई आपसमा सहयोग समन्वय र सहकार्य गर्नुपर्नेछ ।

५. **स्वास्थ्यकर्मीको आचरण :-**

(१) ज्येष्ठ नागरिक स्वास्थयसेवा प्रदान ज्येष्ठ नागरिकको घरघरमा गई बिनम्रतापूर्वक सेवा प्रदान गर्नुपर्नेछ ।

(२) सेवा प्रदान गर्न जादा अनिवार्य रुपमा कार्यालयको पोषाक र परिचयपत्र लगाएर जानु पर्नेछ ।

(३) सेवा प्रदान गर्दा आत्मीय, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ ।

(४) सेवा प्रदान गरे वापत कुनै शुल्क, दस्तुर वा कुनै प्रकारको रकम लिन पाइने छैन ।

६. **सेवा सुबिधा :-**

ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्य सेवा प्रदान गरे वापत स्वास्थ्यकर्मीलाई यातायात खर्च प्रति ज्येष्ठ नागरिक प्रति महिना रु. १५।- (अक्षरेपी रु. पन्ध्रह) र खाजा खर्च प्रत्येक स्वास्थ्य संस्थाका १ जाना स्वाथ्यकर्मीलाई मासिक रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) तथा संचार खर्च प्रत्येक स्वास्थ्य संस्थाका १ जाना स्वास्थ्यकर्मी लाई मासिक रु. २००।- (अक्षरेपी रु. दुई सय) का दरले उपलब्ध गराईनेछ ।

७. **स्वास्थ्य उपकरण तथा औषधीको प्रबन्ध :-**

ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा प्रदान गर्न प्रयोग हुने औजार, उपकरण तथा औषधी तथा अन्य सामाग्रीहरु नगरपालिकाको समन्वयमा स्वास्थ्य शाखा अन्तर्गत विनियोजित सम्बन्धित शिर्षकवाट व्यवस्थापन गरिनेछ ।

८. **अनुगमन सम्बन्धि व्यवस्था :-**

(१) ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालनको अनुगमन गरी आवश्यक सहयोग गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।



Scanned with CamScanner

## तपसिल

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| प्रमुख प्रशाकीय अधिकृत | सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| नगर प्रमुखले तोकेको मेडिकल अधिकृत | सदस्य |
| सामाजिक विकास समतिको संयोजक | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार :

उप दफ (१) बमोजिम गठित अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुन छ ।

(३) अनुगमन समितिको काम, कर्तव्य र अधिकार : उप दफा (१) बमोजिम पठित अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) नगरपालिकाबाट संचालित ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरुलाई आवश्यक सहजीकरण एवंम सहयोग गर्ने ।

(ख) आर्थिक रुपले विपन्न, असहाय, ज्येष्ठ नागरिकको थप उपचार गर्नुपर्ने अवस्थामा नगरपालिका लाई सिफारिस गर्ने ।

(ग) कार्यक्रम संचालनका क्रममा देखिएका समस्यहरुको सामाधानका लागी सिफारिस गर्ने ।

(घ) ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्यसेवा कार्यक्रमको समय समयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने र सो अनुगमन गरे वापत अनुगमनकर्तालाई प्रति व्यक्ति प्रति दिन रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) अनुगमन भत्ता उपलब्ध गराउने ।



Scanned with CamScanner

दफा ३ को उपदफा (२) संग सम्बन्धित

स्वास्थ्यकर्मीले राख्ने अभिलेखको नमूना

# गोडैता नगरपालिका, सर्लाही

नगर प्रमुख संग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा उपचार रजिष्टर मिति ......................../(ग/म/सा)

जाँच गर्ने स्वास्थ्यकर्मीको नाम :

स्वास्थ्य संस्थाको नाम :

| सि.नं. | मुल दर्ता नं. | OPD दर्ता नं. | | सेवा ग्राहीको नाम | जाती कोड | उमेर | | ठेगाना | | सम्बन्धित क्षयरोग बिरामी | | परिक्षण | | | | | अन्य | सम्भावित निदान | ICD Code | उपचार र सल्लाह | प्रेषण विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ | पुरानो | | | महिला | पुरुष | जिल्ला / वडा नं. | न.पा. / सम्पर्क नं. | हो | हैन | सुगर लेभल | रक्तचाप | नाडीको गति | अक्सिजन | तापक्रम | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | १० | ११ | १२ | | | | | १३ | १४ | १५ | १६ | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

देवेन्द्र कुमार यादव

नगर प्रमुख

अनुसूची-२

दफा ३ को उपदफा (१) संग सम्बन्धित

ज्येष्ठ नागरिकलाई दिइने उपचार कार्डको नमूना

## गोडैता नगरपालिका, सर्लाही

नगर प्रमुख संग ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्य सेवा

# उपचार कार्ड

नाम, थर :-

लिङ्ग :-

उमेर :-

ठेगाना :-

पेशा :-

| जाँच गरेको मिति | मेडिकल हिष्ट्री | रक्तचाप | नाडीको गति | अक्सिजन लेवल | सुगर लेभल | तापक्रम | अन्य | रोगको निदान | वितरण गरिएको औषधीको विवरण | अन्य सेवा | जाँच्नेको नाम पद र हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | | | | | | | | | | | |
| भाद्र | | | | | | | | | | | |
| असोज | | | | | | | | | | | |
| कार्तिक | | | | | | | | | | | |
| मंसिर | | | | | | | | | | | |
| पुस | | | | | | | | | | | |
| माघ | | | | | | | | | | | |
| फाल्गुन | | | | | | | | | | | |
| चैत्र | | | | | | | | | | | |
| वैशाख | | | | | | | | | | | |
| ज्येष्ठ | | | | | | | | | | | |
| आषाढ़ | | | | | | | | | | | |

अनुसूची-४

दफा ३ को उपदफा (५) संग सम्बन्धित

प्रेषण पूर्जाको ढाँचा

# गोडैता नगरपालिका, सर्लाही

## स्वास्थ्य संस्था : ...............................

## ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा

# प्रेषण पूर्जा

व्यक्तिगत विवरण :-

नाम, थर :-

उमेर :-

लिङ्ग :-

ठेगाना :-

मिति :-

रोगको निदान

**C/O**

**O/E**

**T :**

**P :**

**R :**

**BP :**

**SPO2**

**Past**

**Past/Present Medication**

षण गरेको संस्था

षण गर्नुको कारण

**RBS :**

**Systemic Examination :**

.......................................

दस्तखत

नाम, थर :

पद :

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा र छुट सुविधा

राज्यका तर्फबाट निम्न सामाजिक सुरक्षा र छुट सुविधाको व्यवस्था गरेको हुँदा, उक्त सामाजिक सुरक्षा र छुट सुविधाबाट लाभ लिनुहुन हार्दिक अनुरोध छ ।

१. सामाजिक सुरक्षा भत्ता मासिक रु. ४०००।- (आ.ब. २०७९/०८० को बजेट)
(दलित नागरिक ६० बर्ष र दलित बाहेक अन्य ६८ बर्ष पुरा भएका ज्येष्ठ नागरिकले प्राप्त गर्न)

२. सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई ५०% छुट र कम्तिमा २ वटा सिट सुरक्षित गर्ने व्यवस्था रहेको । (सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धि कार्यविधि, २०७०)

३. नेपाल सरकारले तोकेको स्वास्थ्य संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तिमा ५०% छुट (ज्येष्ठ नागरिक सम्बन्धि ऐन, २०६३)

४. ७० बर्ष उमेर नाघेका ज्येष्ठ नागरिकले मात्र उपयोग गर्ने गरी १ लाख रुपैया सम्मको स्वास्थ्य विमा (स्वास्थ्य विमा नियमावलि, २०६३)

५. ७० बर्ष भन्दामाथिका ज्येष्ठ नागरिकको मुटु रोगको नि:शुल्क उपचार (आर्थिक बर्ष ०७८/०७९ को बजेट)

६. ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम (गोडैता नगरपालिकाको निति तथा कार्यक्रम २०७९/०८०)